# अबको शासन प्रणाली: सहउत्पादनमा आधारित



राजु श्रेष्ठ

## विषय प्रबेश

बिश्वभरी नै राज्यप्रति नागरिकहरुको बिश्वास खस्किदो अवस्थामा छ। राज्य र नागरिक वीचको दुरी टाढा हुदै गएको छ। नागरिकहरुको प्रिय बन्न सकेका छैनन राज्यहरु। यसो हुनुमा सेवा प्रवाह प्रभावकारी नहुनु नै हो। जसलाई सर्भिस डेलिभरी फेलर अर्थात सेवा प्रवाहको असफलता भनिन्छ। नेपाल यो समस्याबाट अछुतो रहन सकेन। हाम्रो मुलुकमा पनि नागरिक र राज्यवीचमा ठूलो खाडल छ। नागरिकहरुमा राज्यप्रतिको बिश्वास नै देखिदैन। राज्यले नागरिकहरुको आबश्यकताहरुलाई ध्यानमा राखेर कार्य गर्छ भन्ने बिश्वास नै छैन। आजका नागरिकहरु भनेका शैक्षिक रुपमा शिक्षित, सूचनाको क्षेत्रमा सुसूचित, राजनीतिक रुपमा सचेत, बिश्वब्यापी  रुपमा सन्निकट सम्बन्ध राख्ने खालका छन्। यस प्रकारका नागरिकहरुले राज्यको काम कारबाहीहरुलाई मुख्य रुपमा दुईवटा कोणबाट मूल्याङ्कनको नजरले हेर्ने गर्दछन।

प्रथमत: राज्यको लोकतान्त्रिक कार्यसम्पादन दोस्रो: राज्यको नीतिगत प्रभावकारीता। तर राज्य यी दुबै कार्यहरुमा नराम्रो सँग चुकेको छ। जसको कारण राज्य नागरिकहरुको माझमा डिफ्याक्टोमा होईन डिजुरीमा रहेको महसुस गरिएको छ।

आजको बदलिदो शासन प्रणलीमा राज्यबाट प्राप्त गर्ने सेवा सुबिधाहरुको बारेमा नागरिकहरुको आशा, अपेक्षा, आकांक्षा र आवश्यकताहरु  ह्वात्तै बढेर गयो। तर सेवा प्रदायक राज्यका सँयन्त्रहरु भने हिजो कै पुरातन शैलीबाट रुपान्तरिक हुन सकेनन्। अबको दिनमा राज्यको यहि शैली, प्रकिया, पद्यतिबाट अगाडि बढ्ने हो भने नागरिकहरुको असन्तुष्टी बढ्दै गई सरकारको बैद्यता संकटमा पर्ने देखिन्छ। यतिबेला राज्यको सामु देखा परेका जटिल समस्याहरु समाधान गर्नको लागि आफूसित भएको थोरै स्रोतबाट धेरै अनि गुणस्तरीय कार्यसम्पादन गर्नुपर्ने चुनौती देखा परेको छ। यसको लागि राज्यले एकल क्षमता प्रर्दशन गरेर हुदैन। आफूसित भएको सीमित स्रोत र साधनको प्रयोगले मात्र पुग्दैन। भनिन्छ **सफलता राज्यको हातमा त्यतिबेला आउछ जतिबेला उसले कुशल निजी क्षेत्र, गतिशिल नागरिक समाज, सक्रिय नागरिकहरुसंग मजबुद र जीबन्त सम्बन्धको सन्जालमा सहकार्य गर्न सिक्छ**। तसर्थ: राज्य बाहिरका अंगहरुलाई सार्वजनिक मन्चमा ल्याउन सक्नुपर्छ। सार्वजनिक सेवा प्रवाहमा संलग्न गराउनु पर्छ। सेवा प्रवाहमा अधिकार र जवाफदेहिता दुबै प्रदान गरी जिम्मेवार बनाउन

सक्नुपर्छ । राज्य ननडेलिभरी फंङसनमा सीमित रहनु पर्छ ।  बिगतमा सार्बजनिक सेवाको सुधारको प्रयासहरु नभएका होईनन् । कार्यसम्पादन, कार्यकुशलता र उत्पादनमा बढि जोड दिईएको थियो । जसको परिणाम स्वरुप राज्यको डेलिभरी विङका रुपमा रहेका कर्मचारीहरु आफू भन्दा माथिका कार्यकारी अधिकारीसंग औपचारिक रुपमा जिम्मेवार रहे पुग्ने संस्कारको विकास भयो । नागरिकहरुको आवश्यकताहरुलाई ख्यालमा राखिएन । जसको कारण नागरिक र राज्य वीचको दुरी झन टाढा हुदै गयो । बिगतको अभ्यासबाट पाठ सिक्न सक्नुपर्छ अब । अबको दिनमा नागरिकपन, सामाजिक मूल्य, लोकतान्त्रिक आदर्श, उत्तरदायी, सार्वजनिक जवाफदेहितामा जोड दिने खालको सुधार आवश्यक छ । यसको लागि राज्य र राज्यभन्दा बाहिर रहेका संयन्त्रहरुसंग सहउत्पादनमा सक्रिय हुदै अघि बढ्न सक्नुपर्छ । जुन आजको परिवर्तित समयले ल्याएको सुधार हो ।

## सहउत्पादन सानो शब्द ठूलो अर्थ

सहउत्पादन नबिन सार्वजनिक शासनले ल्याएको सशक्त रणनीति हो । जसमा सुधारिएको, उच्च कोटीको र प्रभावकारी सार्वजनिक सेवा प्रवाहको लागि नागरिक, उपभोक्ता, नागरिक समाज, निजी क्षेत्र, तथा बिभिन्न संघसस्थाहरुको संलग्नता रहनु हो । सार्बजनिक सेवा प्रवाहमा सहकार्य गर्नुको अर्थ सम्पूर्ण सरोकारवालाहरुमा लागत, फाईदा, चुनौती, अवसर तथा जिम्मेवारीहरुको आदानप्रदान गर्नु हो । जसले कुनै पनि कार्यको परिमाणात्मक प्रतिफल भन्दा पनि गुणात्मक प्रतिफलको दिगोपनालाई सुनिश्चित गर्छ । सहउत्पादनले राज्यको संयन्त्रसँग नागरिकहरुको सहकार्यलाई बुझाउछ । जसले गर्दा नागरिकहरुलाई आफूले प्राप्त गर्ने सेवाहरुमा आफ्नै सहभागीता, योगदान, नियन्त्रण र अपनत्वको भावनाको विकास गराउछ । सहउत्पादन शब्दलाई सुस्म रुपमा केलाएर हेर्ने हो भने यसको ब्यापक अर्थ पहिचान गर्न सकिन्छ । जसलाई तलका बुँदाहरुले थप स्पष्ट पार्न सकिन्छ ।

**सहशासनः** राज्यको संयन्त्रहरु र राज्यभन्दा बाहिर रहेका संयन्त्रहरु पनि सार्वजनिक सेवा प्रवाहको सन्दर्भमा आवश्यकताको पहिचान देखि योजना तर्जुमा, सेवाको उत्पादन, सेवाको वितरण, सेवाको अनुगमन तथा मूल्याङ्कन, सेवा प्रवाहको प्रभावकारीताको अध्ययन तथा अनुसन्धान जस्ता कार्यहरुमा सयुक्त रुपमा संलग्न हुने अवधारणा सहउत्पादनको रहेको हुन्छ ।

**सहब्यवस्थापनः** नागरिकहरुको बढ्दो चाहना, आशा, अपेक्षा तथा आवश्यकताहरु पूरा गर्ने सन्दर्भमा राज्य र गैरराज्य पात्रहरुसँग भएको स्रोत तथा साधनहरुलाई सदुपयोग गर्ने अवधारणा यस रणनीतिमा रहेको हुन्छ ।

**सहनेतृत्वः** बदलिदो परिवर्तित सन्दर्भमा भावी सन्ततीहरुको उच्च आंकाक्षा, आवश्यकता तथा चाहनाहरुलाई सम्बोधन गर्न नविन प्रवर्तक तथा अगुवाको भूमिका निर्वाह गर्न नेतृत्वको स्वरुप भनेको निजी क्षेत्रको जोखिम बहन गर्ने क्षमता, नागरिक समाजको

सामाजिक उर्जा र राज्यको भयशक्तिको समिश्रणबाट अघि बढ्ने सन्देश प्रदान गर्छ सहउत्पादनले ।

**सहउत्पादनः** नागरिकहरु आफ्नो सेवा उत्पादनमा आफै संलग्न हुने सँस्कार तथा पद्यति यस रणनीतिमा रहन्छ ।

## सहउत्पादन प्रणाली किन अवलम्बन गर्ने ?

कुनै पनि प्रणाली आफैमा राम्रो र नराम्रो भन्ने हुदैन । यसको प्रयोगकर्ता अर्थात कार्यान्वयनकर्ताहरुको व्यवहार, शैली, आचरण, तथा सँस्कारमा भर पर्छ । सहउत्पादन प्रणाली पनि यस्तै एक प्रकारको बदलिदो समयले ल्याएको पद्यति हो । यसको प्रभावकारी कार्यान्वयन भयो भने यसले साच्चिकै हाम्रो शासन तथा प्रशासन प्रणालीहरुमा सकरात्मक प्रभाब पार्न सक्छ । यसका केहि सबल पक्षहरु तल प्रस्तुत गरिएको छ ।

१) सहउत्पादनको रणनीतिले स्रोत तथा साधनहरुको सहि सदुपयोग गर्न सहयोग गर्छ । स्रोतहरुको गलत प्रयोगबाट जोगाउछ । बस्तु तथा सेवाको लागत घटाउछ । अनि गुणस्तरको मात्रामा अभिबृद्धि गर्छ ।

२) सहउत्पादनले सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता बढाउन सहयोग गर्छ ।

३) सहउत्पादनले सर्भिस डेलिभरी फेलरलाई सम्बोधन गर्न सिकाउछ । उत्थानशीलताको शक्ति प्रदान गर्छ ।

४) सहउत्पादनले स्थानीय तहको समस्याको लागि स्थानीय तहकै समाधानको उपाय खोज्न सिकाउछ ।

५) सहउत्पादनले नविन प्रवर्तनको सिद्धान्तलाई सहयोग गर्छ ।

६) सहउत्पादनले लोकतान्त्रिक शासन व्यवस्थाको संस्कारको विकास गर्न सहयोग गर्छ ।

७) सहउत्पादनले राज्यप्रति नागरिकको विश्वास बढाउन सहयोग गर्छ ।

८) सहउत्पादनले सामुदायमा मेलमिलाप तथा सौहार्द्धताको वाताबरण सिर्जना गर्न सहयोग गर्छ ।

९) सहउत्पादनले सामाजिक मूल्य सिर्जना गर्न सहयोग गर्छ ।

१०) सहउत्पादनले नीति प्रभावकारीतमा सहयोग गर्छ ।

समग्रमा सहउत्पादनको रणनीतिलाई सैदान्तिक अवधारणा अनुरुप कार्यान्वयनमा लैजाने हो भने मुलुकलाई दुस्चक्रको भुमरीबाट टाढा राखी सुचक्रको निर्माण गर्दै शासन तथा प्रशासनमा सदाचारको विकास हुने अपेक्षा गर्न सकिन्छ ।

## सहउत्पादन प्रणालीको सम्भावित अवरोध अर्थात जोखिमहरु

सफलताले परिवर्तनलाई सघाउछ भने अवरोधकले यसको प्रभावकारीता घटाउछ । सहउत्पादन प्रणालीलाई अवरोध सिर्जना गर्न सक्ने केहि तत्वहरु पनि छन् । सम्भावित जोखिमहरुलाई देहाय बमोजिम प्रस्तुत गर्न सकिन्छ ।

**आवश्यक सीपहरु:** राज्य र नागरिकसंग सहउत्पादनको लागि आवश्यक पर्ने सीपको अभावको कारण बस्तु तथा सेवा उत्पादनमा लागत मूल्य बढ्न जाने डर देखिन्छ ।

**आवश्यक स्रोत साधन:** सहउत्पादनको शुरुको चरणमा स्रोत तथा साधनहरुको प्रचुरताको आवश्यक पर्ने देखिन्छ । छलफल, अध्ययन, अनुसन्धान, बिचारगोष्ठी तथा योजना निर्माणको क्रममा धेरै स्रोतको आवशयक पर्ने हुनसक्छ । जसले अवरोध सिर्जना गर्न सक्छ ।

**आवश्यक उत्तरदायित्व:** सरकारले अधिकार र उत्तरदायित्व नागरिकहरुमा बाँड्ने अनि शासन तथा प्रशासनमा जिम्मेवार बनाउदा उत्तरदायित्वमा संकट पर्ने सम्भावना पनि देख्न सकिन्छ । हाम्रो जस्तो प्रतिनिधिमूलक लोकतन्त्रमा नागरिकहरुलाई शासन तथा प्रशासनमा संलग्न गराउदा हाम्रो लोकतन्त्र कस्तो हुने भन्ने विषयमा चिन्ता गर्ने विषय हुन सक्छ । जनताबाट प्रत्यक्ष रुपमा छानिएका प्रतिनिधिहरुबाट शासन सञ्चालन हुने हाम्रो लोकतन्त्रमा नागरिकहरु नै त्यो ठाँउमा पुग्दा केहि अफठ्याराहरु सिर्जना नहोला भन्न सकिदैन ।

**संगठनात्मक संस्कार:** परिवर्तित नयाँ संगठनको आकृति अनुसार राज्यका पात्रहरु सहकार्यमा कार्य गर्न सिक्नु पर्छ । पुरातन शैलीमा नै कार्य गर्न खोज्ने हो भने असफलताको डर हुन्छ । संगठनमा सहकार्यको भावनाको विकास गर्न सक्नुपर्छ । एकले अर्काको अस्तित्व स्वीकार गर्न सक्नुपर्छ । नत्र भने सहउत्पादन बिगत जस्तै असफलताको दुस्चक्रबाट टाढा रहन सक्दैन । सांगठानिक शक्ति मौलाउन पाउदैन । संगठन सशक्त हुनु भन्दा शिथिल बन्दै जाने सम्भावना पनि उतिकै देख्न सकिन्छ ।

**आवश्यक विश्वास**: सहउत्पादनमा सबै भन्दा महत्वपूर्ण पाटो भनेकै विश्वास हो । यदि राज्य र गैरराज्य पात्रहरुमा विश्वासको वातावरण सिर्जना गर्न सकिएन भने यो प्रणाली धरापमा पर्ने देखिन्छ ।

## अन्तमा

सहउत्पादन नविन सार्वजनिक शासन ब्यवस्थाको रणनीति हो । नागरिकले प्राप्त गर्ने बस्तु तथा सेवाहरुको उत्पादन तथा वितरणमा प्रत्यक्ष आफ्नै सहभागीता हुने प्रणाली हो सहउत्पादन । नागरिकलाई आफ्नो सेवा वितरण र प्राप्तिमा जिम्मेवार बनाउन, अपनत्व सिर्जना गर्न, आफ्नो नियन्त्रणमा राख्न र सन्तुष्टी प्राप्त गरी राज्यप्रति विश्वासको भावना सिर्जना गर्ने प्रयत्न हो सहउत्पादन । अबको शासन तथा प्रशासन यहि मार्गमा निर्देशित हुनुपर्छ । अनि मात्र मुलुकले देखेको समृद्धिको सपना, सुशासन, मानव अधिकार, सदाचार, विकास, प्रगति, उन्नति जस्ता राज्यका आर्दशहरु बिपनामा रुपान्तरण गर्न सकिन्छ ।

**लेखक**
**राजु श्रेष्ठ**
**प्राबिधिक अधिकृत**
**शिक्षा तालिम केन्द्र**
**गण्डकी प्रदेश, दमौली, तनहुँ**

**फोन ९८५११२९९३७**
**इमेल: shrestharaju26@gmail.com**